चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः
चलानी नं.:

मिति : २०८१/०४/०२

सूचना नं. ०१/२०८१-०८२

## निशुल्क अध्ययनका लागि छात्रवृत्ति प्रदानसम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०२ गते)

प्रस्तुत विषयमा चन्द्रकोट गाउँपालिका गुल्मीले विद्यार्थीलाई प्राविधिक शिक्षातर्फ आकर्षित गरी स्वरोजगारतर्फ उन्मुख गराउने र आत्मनिर्भर गराउने उद्देश्यले यस पालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार चन्द्रकोट गाउँपालिकाभित्रका प्रत्येक वडाबाट उत्कृष्ट जिपिए प्राप्त गर्ने १/१ जना गरी जम्मा ८ जना विद्यार्थीलाई चन्द्रकोट – ८ तुराङ्गमा अवस्थित CTEVT को आङ्गिक शिक्षालय तुराङ बहुप्राविधिक शिक्षालय, चन्द्रकोट - ८, तुराङ्ग, गुल्मीमा ३ वर्षे बाली/पशु विज्ञान विषयमा निशुल्क अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिने भएकोले इच्छुक विद्यार्थीहरुले छात्रवृत्ति कार्यक्रममा सहभागी भई छनोट हुनका लागि तपसिलमा उल्लेखित कागजातहरु सहित मिति २०८१/०४/१३ गतेभित्र तुराङ बहुप्राविधिक शिक्षालय, चन्द्रकोट - ८, तुराङ्ग, गुल्मीमा आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. नेपाली नागरिकताको प्रतिलिपि वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि।
२. अन्य कुनै संघ सस्थाबाट छात्रवृत्ति रकम प्राप्त नगरेको स्वघोषणा पत्र।
३. विद्यालयको छाप तथा प्र.अ को हस्ताक्षर भएको एस.ई.ई को ग्रेडसिट

छनोटको आधार

१. तुराङ बहुप्राविधिक शिक्षालयले लिने प्रवेश परीक्षामा उत्तिर्ण हुनुपर्ने।
२. एक वडामा एकभन्दा बढि विद्यार्थी भएमा एस.ई.ई मा उत्कृष्ट जि.पि.ए ल्याउने विद्यार्थीलाई छनोट गरिने।

नोटः

१. प्रवेश परीक्षाको आवेदन फारम तुराङ बहुप्राविधिक शिक्षालयलबाट प्राप्त गर्न सकिनेछ।
२. छनोट हुने विद्यार्थीले तुराङ बहुप्राविधिक शिक्षालय, तुराङ गुल्मीमा अध्ययन गर्नुपर्नेछ।
३. छात्रवृत्ति रकम, प्राविधिक शिक्षा अध्ययनका लागि छनोट भएर भर्ना भई अध्ययन गरिरहेको शैक्षिक संस्थाको सिफारिसको आधारमा वार्षिक रुपमा प्रदान गरिनेछ।

(प्रकाशचन्द्र शर्मा)
नि.प्रमुख प्रशासकीय अधिकृत

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत